आज मिति २०७९ साल भाद्र ५ गते आईतबारका दिन यस रत्ननगर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री प्रलाद सापकोटाज्यूको अध्यक्षतामा एवं तपशिल बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरीयो ।

उपस्थिति :

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री प्रलाद सापकोटा | |
| २ | नगर उपप्रमुख | श्री यादव प्रसाद पाठक | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री कुल प्रसाद सापकोटा | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री राजेन्द्र प्रसाद घिमिरे | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री सोहेन्द्र राज खरेल | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री राम कुमार चौधरी | |
| ७ | का.वा. वडा अध्यक्ष वडा नं. ५ | श्री निलु शर्मा खतिवडा | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | श्री किरण महतो | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री सजना महतो | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री कृष्ण चौधरी | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री अनन्त अधिकारी का.वा. लेखबहादुर तामाङ्ग | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री कलाधर पौडेल | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री श्याम कुमार श्रेष्ठ | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री सुन्दरमणी सुवेदी | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री पोट बहादुर घिमिरे | |
| १६ | वडा अध्यक्ष वडा नं. १४ | श्री होमनाथ रानाभाट | |
| १७ | वडा अध्यक्ष वडा नं. १५ | श्री आसिक तमाङ्ग | |
| १८ | वडा अध्यक्ष वडा नं. १६ | श्री हेमराज थापा | |
| १९ | कार्यपालिका सदस्य | श्री बबिता चौधरी | |
| २० | कार्यपालिका सदस्य | श्री यशोदा अधिकारी पौडेल | |
| २१ | कार्यपालिका सदस्य | श्री चन्द्रकला पनेरु | |
| २२ | कार्यपालिका सदस्य | श्री सुकमाया वि.क. | |
| २३ | कार्यपालिका सदस्य | श्री सानु भण्डारी बस्नेत | |
| २४ | कार्यपालिका सदस्य | श्री राजेन्द्र परीयार हमाल | |
| २५ | कार्यपालिका सदस्य | श्री देवेन्द्र भुजेल | |
| २६ | कार्यपालिका सदस्य | श्री राम बहादुर रिमाल | |
| २७ | सचिव (प्र.प्र.अ.) | श्री छविलाल सुवेदी | |

अन्य उपस्थिती :

विज्ञ सल्लाहकार श्री रामहरि न्यौपाने

लेखा अधिकृत श्री कृष्ण प्रसाद सुवेदी

अधिकृत छैठौं श्री अर्जुन पगेनी

श्री उर्मिला तमाङ्ग दाहाल

निर्णय नं. १

मिति २०७९।०४।२९ को अघिल्लो बैठकको समिक्षा गरियो ।

निर्णय नं. २:

यस नगरपालिकामा आर्थिक सहयोग तथा औषधी उपचार सहयोग माग गर्ने व्यक्तिहरुलाई आर्थिक अवस्था हेरी गम्भीर प्रकारको विरामीलाई रु. ५०००।- देखि रु. १०,०००।- तथा अति गम्भिर र बिपन्न विरामीलाई रोगको प्रकृति हेरी आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३:

नगरपालिकासंग सम्बन्धित विषयको सार्वजनिक सूचना, शुभकामना सन्देश पूर्व स्वीकृति लिएर मात्र प्रकाशन गर्ने पत्रपत्रिका र सञ्चार माध्यमलाई निम्न दररेटमा नवढ्ने गरी विज्ञापन उपलव्ध गराउने निर्णय गरियो ।

तपसिल:

१. क वर्ग (रु. १० -१२,०००।-)

२. ख वर्ग (रु. ८- १०,०००।-)

३. ग वर्ग (रु. ६- ८,०००।-)

निर्णय नं. ४:

हिन्दु नारीहरुको महान पर्व हरितालिका तीज र जितिया पर्व कार्यक्रमका लागि राष्ट्रिय मान्यता प्राप्त दलका महिला संघ/संगठनहरुलाई रु. २५,०००।- हजार र अन्य संघ संस्था, समुहलाई औचित्यको आधारमा बढीमा रु. १०,०००।- उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५

रत्ननगर नगरपालिका वडा नं. ५ निवासी रमिया महतो लाई नगरपालिकाको तर्फबाट निशूल्क उच्च शिक्षा अध्ययनको व्यवस्था गर्ने र आवत जावतको लागि अपांगमैत्री ईलेक्ट्रीक स्कुटर उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६:

रत्ननगर नगरपालिका वडा नं. १४, १५ र १६ मा सिंचाई सुविधा उपलव्ध गराउदै आएको पिठुवा सिचांई जल उपभोक्ता समितिलाई नहर प्रणाली मर्मत सम्भार गर्न जे.सि.भि.संचालनको लागि ईन्धन वापत रु. १५०,०००।- उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७:

भारतीय सरकारको सहयोगमा धर्मशाला निर्माण र संस्कृत विषयमा पठन पाठनको लागि श्री हरिहर गायत्री वेदवेदाङ्ग पाठशाला, रत्ननगर १ लाई कुल लागतको २०% नगरपालिकाको तर्फबाट लागत सहभागिता जनाउने निर्णय गरियो ।

निर्णय नं. ८

सामी परियोजनाको लागि मनोसामाजिक परामर्शदाता र वित्तिय साक्षरता सहजकर्ताको लागि विज्ञापन गरी कर्मचारी माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ९:

यस नगरपालिका अन्तर्गत भूमी वर्गीकरणका लागि राष्ट्रिय भू-उपयोग नियमावली २०७९ वमोजिम स्थानिय भू-उपयोग परिषद यस नगरपालिकाका नगर प्रमुखज्यूको संयोजकत्वमा कार्यपालिकाका सम्पूर्ण सदस्य रहने गरी गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

यस रत्ननगर नगरपालिका वडा नं. ६ स्थित बछौली माध्यमिक विद्यालयको पुरानो भवन २०७२ सालको भूकम्प पश्चात जीर्ण भई कक्षा संचालन गर्दा दुर्घटना भई मानवीय तथा भौतिक क्षति हुन सक्ने सम्भावना भएकोले उक्त भवन भत्काई सोही स्थानमा एक तले ६(छ) कोठे विद्यालय भवन निर्माणका लागि राष्ट्रिय योजना आयोग, काठमाण्डौंलाई विशेष वजेट व्यवस्थाका लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

रासायनिक मल वितरण गर्ने व्यबस्थाको लागि वडा कार्यालयलाई सम्पुर्ण जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. १२

संघीय सरकारको सशर्त अनुदान अन्तर्गत खरको छानो विस्थापित गरी सुरक्षित नागरिक आवास कार्यक्रमबाट विनियोजित रकम रु. ३१,००,०००।- (एकतीस लाख) संचालनका लागि वडा कार्यालय मार्फत निवेदन माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

नेपाल फोटो पत्रकार महासंघको केन्द्रीय भेलाको लागि रु. ५०,०००।- (पचास हजार) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४

यस नगरपालिकाबाट आ.व. २०७८।०७९ मा संचालन भइरहेका र सम्पन्न हुन बाँकी योजना मध्ये मिति २०७९।०४।२९ को बैठकबाट क्रमागत गर्ने निर्णय गरिएका योजनाको म्याद २०७९ पौष मसान्त सम्म थप गर्ने निर्णय गरियो ।